# ताप्ली गाउँपालिका

## जिल्ला, उदयपुर, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## ताप्ली गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ०४ मिति २०८२/०९/२३

भाग २

नेपालको संविधान २०७२ को दफा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाद्वारा तयार गरिएको तपशिलमा उल्लेखित कार्यविधि, गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ ।

# ताप्ली गाउँपालिकामा दुध तथा दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

## प्रस्तावना

पशुपालन क्षेत्रलाई व्यवसायीकरण गर्दै दुग्ध जन्य पदार्थको बजारीकरणमा विशेष ध्यान पुर्याउनु आजको आवश्यकता हो । यस ताप्ली गाउँपालिकालाई दूधमा आत्मनिर्भरता कायम गर्दै स्वच्छ, स्वस्थ्य, गुणस्तरीय एवं प्रशोधित दूध तथा दुग्ध जन्य पदार्थहरु आम उपभोक्ता समक्ष सहज र सरल रुपमा पुर्याउन ताप्ली गाउँपालिका भित्र संचालन हुने दुध तथा दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रमलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ण) बमोजिम यस ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि मिति २०८२ पौष २३ स्विकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"ताप्ली गाउँपालिकामा दुध तथा दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ ।

(ख) यस कार्यविधि ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्विकृत गरेको मिति देखि लागू हुनेछ ।

(ग) यो कार्यविधि ताप्ली गाउँपालिका भरी लागू हुनेछ ।

**२.परिभाषाः**-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिः

(क) कार्यविधि भन्नाले **"ताप्ली गाउँपालिकामा दुध तथा दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** लाई सम्झिनु पर्दछ।

(ख) अध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) उपाध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय सम्झनुपर्दछ ।

(ङ) कृषि विकास शाखा भन्नाले ताप्ली गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्दछ ।

(च) कृषि शाखा प्रमुख भन्नाले ताप्ली गाउँपालिकाको कृषि विकास शाखा प्रमुख सम्झनु पर्दछ ।

(छ) लेखा प्रमुख भन्नाले ताप्ली गाउँपालिकाको लेखा शाखा प्रमुख सम्झनु पर्दछ ।

(ज) गाउँपालिका भन्नाले ताप्ली गाउँपालिका लाई जनाउँदछ ।

(झ)कर्मचारी भन्नाले ताप्ली गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी,अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँदछ ।

(ञ)तोकिएको वा तोकिए बमोजिम भन्नाले ताप्ली गाउँपालिकाको बोर्ड बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ ।

(ट) "आवेदक" भन्नाले दुग्ध उत्पादक कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरु वा अन्य यस्तै प्रकृतिको संगठन सम्झनु पर्दछ ।

(ठ) दुग्ध जन्य पदार्थ भन्नाले प्रशोधित दुध र सोबाट बनेका परिकारहरु सम्झनु पर्दछ ।

(ड) दुग्ध पदार्थ यान्त्रिकरण भन्नाले दुग्ध उत्पादन, प्रशोधन, बजारीकरण, विविधिकरणमा प्रयोग हुने मेशिनरी सामान सम्झनु पर्दछ ।

(ढ) पशु सेवा शाखा भन्नाले ताप्ली गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

(ण) पशु सेवा शाखा प्रमुख भन्नाले ताप्ली गाउँपालिकाको पशु सेवा शाखा प्रमुख सम्झनु पर्दछ ।

**३. उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) दुग्धजन्य उत्पादनमा लागत घटाउने,

(ख) अनुदान वितरण नितिलाई प्रकृया मुखि र परिमाणमुखि तर्फ लैजाने ।

(ग) दुग्धजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी बजारीकरणमा टेवा पुर्याउने,

(घ) दुधको गुणस्तरमा वृद्धि गर्ने ।

## परिच्छेद -२

**४. कार्य संचालन प्रकृयाः** यस कार्यविधि बमोजिम कार्यक्रम देहाय बमोजिम सञ्चालन गरीनेछः-

क) **प्रस्ताव माग तथा संकलन**

१. दुग्ध उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्न १५ (पन्ध्र) दिने म्याद दिई गाउँपालिका बाट अनुसुचि १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरीने छ।

२. यस कार्यक्रममा सम्मिलित हुन दफा ५ बमोजिम मापदण्ड पुरा गरेका ईच्छुक कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले तोकिएको म्याद भित्र अनुसूची-२ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा दिनुपर्नेछ ।

ख) **प्रस्ताव दर्ताः** दफा ४ (क) बमोजिम समय अवधि भित्र दुग्ध उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले अनुसुचि-२ बमोजिम दिएको आवेदन पत्र साथ पेश भएको वडा कार्यालय सिफारिस पत्र गाउँपालिकाको पशु सेवा शाखामा निवेदन दर्ता गर्नु पर्ने छ ।

ग) **प्रस्ताव संकलनः** आवेदन दर्ता गर्ने समय अवधि समाप्त भएपछि पशु सेवा शाखाले आवेदन संकलन गर्नेछ ।

घ) **प्रस्तावको प्राथमिकीकरणः-** दर्ता भएका प्रस्तावहरु उपर पशु सेवा शाखाले दफा ५ बमोजिमको मापदण्ड भित्र परे/नपरेको एकिन गरी प्रस्तावको प्राथमिकीकरण गर्नेछ

ङ) **प्रस्तावको स्विकृतिः-** पशु सेवा शाखाले प्राथमिकीकरण गरेको प्रस्ताव बमोजिमको छानविन तथा मूल्यांकन गर्नको लागि कृषी विकास समितिमा पेश गर्नुपर्नेछ मूल्यांकन समितिले पर्न आएका निवेदनहरूको अनुसूची-३ को आधारमा मूल्याङ्कन गरी अनुदान उपलब्ध गराउन सिफारिस गर्नेछ।

च) **प्रस्ताव स्विकृतिको जानकारीः** स्वीकृत भएका प्रस्तावहरुको जानकारी सम्बन्धित कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुलाई गाउँपालिकाको निर्णय भएको मितिले ७ दिन भित्र दिनु पर्नेछ ।

**५. साझेदारी सम्वन्धी व्यवस्थाः**

५.१ दुध तथा दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरीने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ|

क) साझेदारमा दूध डेरी सुधारको लागि मेशिनरी यन्त्र उपकरण खरिद जस्तै चिलिङ्ग भ्याट, डिप फ्रीजको लाईन वा जेनेरेटर व्याक अप, मिल्क एनालाईजर, क्रिम सेपेरेटर आदि या पूँजिगत साझेदारी सहकार्यमा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम संचालन गर्न मा खर्च गर्न सकिने छ तर कुल लागतको साझेदार संस्थाले कम्तिमा २५ प्रतिशत सहकार्य स्वयमले गर्नुपर्ने छ ।साझेदार संस्थालाई कार्य सम्पादन पश्चात कार्यालयले स्वीकृत गरेको कार्यक्रम अनुसारको अनुदान रकम उपलव्ध गराउने छ ।

**वा**

ख) साझेदार संस्थाहरुले दूध विक्रि गर्ने पशुपालन कृषकहरुलाई प्रोत्साहन स्वरूप प्रति लिटर अधिकतम दस रुपैयाको दरले अनुदान उपलब्ध गराउने गरी सम्झौता गर्न सक्नेछ|

५.२) अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्न गाउँपालिका उपाध्यक्ष को संयोजकत्वमा तपशिल बमोजिमको समिति रहने छ|

तपशिलः

गाउँपालिका उपाध्यक्षः संयोजक

प्रमुख प्रशासकीय अधिकृतः सदस्य

पशु सेवा शाखा प्रमुखः सदस्य

**५. कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुको मापदण्डका आधारहरुः** दुग्ध उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले यस कार्याविधि अनुसार कार्यक्रम संचालन गर्न देहाय वमोजिमको मापदण्ड हुनु पर्नेछ

क. दुग्ध उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले दैनिक कम्तिमा १५० लिटर संकलन गर्ने गरेको।

ख. वार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोवार गर्ने गरेको।

ग. नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गरेको

घ. स्थायी लेखा नम्वर प्राप्त गरेको।

ङ. कर चुक्ता गरेको।

च. कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले कारोवार गर्ने गरेको दूधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको।

छ. संस्थागत रुपमा दूध विक्रि गरेको प्रमाण भएको।

ज. विगतका वर्षहरुमा कुनै किसिमको कारवाही नपरेको।

झ. विगत १ वर्षदेखि नियमित कारोवार गरेको।

ञ. गाउँपालिका क्षेत्रभित्र संस्थागत रूपमा दर्ता रहि संचालनमा आएको।

ट. दैनिक संकलित दुध, दुग्ध उत्पादक आफैले प्रशोधन गरी वा उद्योगलाई विक्रि गरी दुध तथा दुग्धजन्य पदार्थको बेचबिखनको प्रबन्ध गरेको ।

**१२) सम्झौताः** (क) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको मितिले ७ दिनभित्र अनुसूचि ४ बमोजिम ताप्ली गाउँपालिकाले सम्झौता गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश: प्राथमिकतामा रहेका साझेदार संस्थासंग सम्झौता गर्न सकिनेछ ।

**१३) खरिद तथा भुक्तानी प्रक्रियाः**

क) दफा ५ को उपदफा १(क) बमोजिम सम्झौता पश्चात यन्त्र उपकरणहरुको specification तयार गरी सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रहि यस कार्यालयको सहमतिमा सोझौ खरिद गर्न मिल्ने प्रकृतिको खरिद कार्य सम्बन्धीत कृषी / समुह वा सहकारी संस्थाले लागत साझेदारी रहनेगरी खरिद गर्न सक्ने छ ।

ख) दफा ५ को उपदफा १(ख) बमोजिम सम्झौता पश्चात साझेदारले पशुपालन कृषकहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराएको अनुदान को बिल भरपाई पशु सेवा शाखामा जम्मा गर्नु पर्नेछ|

ग) दफा १३ को उपदफा (क) बमोजिम सम्झौता पश्चात साझेदारले अग्रिम रुपमा गाउँपालिकाको विविध बैंक खातामा लागत साझेदारी बापतको रकम जम्मा गर्नु पर्नेछ|

घ) दफा १३ को उपदफा (ख) बमोजिम सम्झौता पश्चात गाउँपालिकाले आवश्यक रकम साझेदारलाई भुक्तानी गरिनेछ|

१३) यस कार्यक्रमको लेखा लेखांकन लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धी व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१४) कार्यक्रमको प्रभावकारिका आधारमा आवश्यकता अनुसार कार्यक्रमलाई निरन्तरता दिन सकिने छ।

१५) कार्यक्रमको प्रभावकारीताः कार्यक्रमलाई प्रभावकारी र व्यबस्थित बनाउन अन्य संघिय तथा प्रदेश सरकारबाट कार्यावन्यन हुने आयोजनाहरुसंग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम संचालन गर्न सकिने छ ।

**१६) थपघट वा हेरफेर गर्न सक्ने;**

(क). यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(ख). यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

(ग) यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**१७) बचाउः** यस कार्याविधिमा उल्लेख भएका कुरामा यसै कार्याविधि र अन्य कुरामा प्रचलित कानुन वमोजिम हुनेछ ।

# अनुसूची १

## दुग्ध उत्पादक कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुको लागि प्रस्ताव आह्वावको ढाँचा।

ताप्ली गाउँपालिका रुपाटार, उदयपुरको आ.व. २०..../.... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रममा दफा ८ वमोजिम मापदण्ड पूरा गरेका इच्छुक दुग्ध उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुहरुले सहभागी भई तँहा सहकारीमा नियमित रुपमा दूध विक्रि गरीरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र गाउँपालिकामा अनुसूची २ वमोजिम आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरीएको छ । विस्तृत जानकारीको लागि गाउँ कार्यापालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**तपशिल**

क. दुग्ध उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले यस कार्याविधि अनुसार कार्यक्रम संचालन गर्न देहाय वमोजिमको मापदण्ड हुनु पर्नेछ ।

ख. दुग्ध उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले दैनिक कम्तिमा १५० लिटर संकलन गर्ने गरेको हुनु पर्नेछ ।

ग. वार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

घ. नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ ।

ङ. स्थायी लेखा नम्वर प्राप्त गरेको हुनु पर्नेछ ।

च. कर चुक्ता गरेको हुनु पर्नेछ ।

छ. कारोवार गर्ने गरेको दूधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

ज. कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले संस्थागत रुपमा दूध विक्रि गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

झ. विगतका वर्षहरुमा कुनै किसिमको कारवाही नपरेको हुनु पर्नेछ ।

ञ. विगत १ वर्षदेखि नियमित कारोवार गरेको हुनु पर्नेछ ।

ट. गाउँपालिका क्षेत्रभित्र संस्थागत रूपमा दर्ता रहि संचालनमा आएको हुनुपर्ने छ ।

ठ. दैनिक संकलित दुध, दुग्ध उत्पादक आफैले प्रशोधन गरी वा उद्योगलाई विक्रि गरी दुध तथा दुग्धजन्य पदार्थको बेचबिखनको प्रबन्ध गरेको ।

# अनुसूची २

## दुग्ध उत्पादक कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुले दिने आवेदन पत्रको ढाँचा

**मितिः-**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपाटार

उदयपुर ।

बिषयः-कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा....................मितिमा प्रकाशित सुचना अनुसार यस दुध.....................................उत्पादन कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुको दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रममा सहभागी हुने चाहाना भएकाले सो प्रयोजनको लागी तपशिल अनुसारको विवरण र अन्य कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं।

तपशिलः

१. कुल सदस्य संख्या (   )

२. कुल सदस्य संख्या मध्ये दूध उत्पादक सदस्य संख्या (   )

३. गत वर्ष कुल दूध संकलन लि. (औसत दैनिक लि मासिक लि बार्षिक लि)

४. गत वर्ष दूध कारोबार गरेको दिन ..........

५. गत वर्ष कूल अधिक्तम दूध संकलन........

६. गत वर्ष कूल न्यूनतम दूध संकलन........

७. संस्थाबाट संकलित दूध बिक्री गरीने संस्था

क)

ख)

ग)

घ)

ङ)

८. दूध बिक्रि गरेको प्रमाण सम्बन्धी कागजात तथा कृषकबाट खरिद, भुक्तानी गरेको भर्पाई (संकलन गर्नुपर्ने)

९. बार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण प्रतिलिपि (संकलन गर्नुपर्ने)

१०. रेकर्ड राख्न कम्प्युटरको प्रयोग भए/नभएको:

११. दूधको गुणस्तर परिक्षण गरी रेकर्ड राखि/जानकारी दिने गरेको/नगरेको:

१२. मिल्क एनालाइजरको प्रयोग भएकफ/नभएको:

१३. सहकारी दर्ता/नविकरणको प्रमाणपत्र:

१४. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड:

१५. कर चुक्ता प्रमाण पत्र:

१६. वडा कार्यलयको सिफारिस (संकलन हुनुपर्ने):

१७. दूध विविधिकरण र विक्रि वितरण गरेको/नगरेको:

गरेको भए:

क. कुन कुन पदार्थ बनाउने गरीन्छ..

ख. दैनिक औसत परिमाण..

ग. विक्रि गर्ने बजार/स्थल....

१८. कुनै प्रकारको कारवाहिमा नपरेको बारेमा स्व-घोषणा (संकलन गर्नुपर्ने)

१९. दूध विक्रेता सदस्यको वित्तिय संस्थामा रहेको खाताको विवरण:

| क्र.सं. | नाम/थर | ठेगाना | वित्तिय संस्थाको खाता नं. | नाम/ठेगाना |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आवेदन
पदाधिकारीको नाम/थरः
पदः
दस्तखतः
मितिः
सम्पर्क नं.:
संस्थाको नामः
ठेगानाः
संस्थाको छापः

## अनुसुची ३

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

**क) सामान्य जानकारी**

१. जिल्लाः

२. आवेदकको नामः

३. कार्यक्रम सन्चालन स्थलः

४. प्रस्तावित कार्यक्रमको नामः

५. स्थलगत प्रमाणिकरण मितिः

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| क्र.स. | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

**ख) आवेदकको मुल्यांकन**

| **क्र.स.** | **विवरण** | **प्रमाणीकरणमा भेटिएको अवस्था र भार** | **प्राप्तांक** |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुनसक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुर्याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वय स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्ता छ/छैन | | |
| २ | **प्राविधिक क्षमता** | १५ | |

| | | | |
|---|---|---|---|
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने क्रियायाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवस्यक प्राविधिक सेवाटेवा प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | **वित्तीय क्षमता** | २० | |
| ३.१ | आवेदकले आवस्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैङ्क मौजदात वा हाल संचालित कारोवारको बचत छ/छैन | | |
| ३.३ | आवस्यक रकम वित्तिय संस्थाबाट श्रृण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | **वातावरणीय उपयुक्तता** | ५ | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुनसक्ने वस्ता अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्नसक्ने अवस्था छ/छैन | | |
| ५ | **अन्य पक्षहरु** | २० | |
| ५.१ | संस्थागत व्यावसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चापदार्थ प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |

| | | | |
|---|---|---|---|
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| ६ | **स्थलगत प्रमाणिकरण टोलीको राय** | १० | |
| ६.१ | आवेदकसंग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| जम्मा | | १०० | |

नोटः माथि उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक अवस्था भेटिए ५ अङ्क देखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उत्तीर्ण हुनका लागि न्यूनतम ४० अङ्क प्राप्त गर्नु पर्नेछ । स्थलगत प्रमाणीकरणमा प्राप्त अंकले प्रस्ताव मुल्यांकनमा प्राप्त अंक र वरियताक्रममा भिन्नता पार्ने छैन तर निर्णायक प्रभावपार्न सक्नेछ ।

**ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरणः**

| क्र.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने**

१.
२.
३.
४.
५.

**ङ) स्थलगत प्रमाणिकरण टोलीको राय**

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क्र. स. | नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूचि -४ः सम्झौता-पत्र

## गाउँ कार्यापलिका कार्यालय र कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुबिच हुने सम्झौता पत्रको ढाँचा

यो सम्झौता मिति ...................... मा दिन ..................... ताप्ली गाउँपालिका (त्यसपछि प्रथम पक्ष भनिने) र .................................... साझेदार संस्था (त्यसपछि दोश्रो पक्ष भनिने) बीच दुग्ध जन्य उपकरणहरु अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि साझेदारीमा दुध तथा दुध जन्य पदार्थको उत्पादन तथा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ बमोजिम मूल्याङ्कन समितिबाट छनौट भएका साझेदार संस्थाहरुलाई तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता गरीएको छ ।

**शर्तहरुः**

१. मूल्याङ्कन समितिको निर्णय अनुसारका दुग्ध जन्य यन्त्र उपकरणको ब्राण्ड/मोडेल/क्षमता र अनुदान रकम सम्बन्धि निर्णय यो सम्झौताको अभिन्न अंग हुने छ ।

२. साझेदारले निम्न बुँदाहरु अनुसारका शर्तहरु पुर्ण रुपले पालना गर्नुपर्ने छ ।

(क) साझेदार कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने छ ।

(ख) अनुदानमा उपलब्ध गरीएको दुग्ध जन्य यन्त्र उपकरण प्रयोग नगरी अन्य गैर कार्यमा प्रयोग गर्न पाइने छैन ।

३. सम्झौतामा उल्लेख भएको कुराहरु सम्झौता बमोजिममा र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४. कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरीनेछ र केही गरी टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार प्रथम पक्षबाट भएको निर्णय अन्तिम हुनेछ ।

५. यस कार्यको सम्झौता आजका मिति देखि प्रारम्भ हुनेछ ।

६. दोश्रो पक्षले नियमित रुपमा (कम्तीमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी सम्बन्धी विवरणहरु सम्बन्धित प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| कार्यालय प्रमुखको हस्ताक्षर<br>नामः<br>पदः<br>मिति :<br>कार्यालयको छाप : | कृषि फर्म/कृषि समूह/सहकारी संस्थाहरुको तर्फबाट सहि गर्नेको<br>नामः<br>हस्ताक्षरः<br>मिति :<br>संस्थाको छाप : |

आज्ञाले

सन्तोष भट्टराई

प्रमुख प्रशासकीय अधिकृत